आज मिति २०७८ साल बैशाख १४ गते मंगलवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : नगरपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२ : प्रस्तावित बहुउद्देश्यीय भवनको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.३ : सामुदायिक तथा संस्थागत विद्यालयका भौतिक कक्षाहरु सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.४ : क्वारेन्टिन तथा आइसोलेसन व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.५ : दमौली अस्पतालको स्तरोन्नतिका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.६ : अत्यावश्यक प्रकृतिका कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.७ : ठेक्का स्वीकृति सम्बन्धमा ।
प्रस्ताव नं.८ : योजनामा थप रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.९ : जिल्ला समन्वय समिति तनहुँसँग विभिन्न योजनाहरुको निकासा माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १० : प्रतिवेदन पारित एवं बजेट विनियोजन सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१ :** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका कार्यालयद्वारा मूल्याङ्कन गरी पेश हुन आएको नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (LISA) को प्रतिवेदन उपर बृहत रुपमा छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा नगर विकास कोष (TDF) को ऋण सहयोग समेतमा यस व्यास नगरपालिकाको सयुक्त लगानीमा कार्यालय परिशरको उत्तर पूर्व तर्फ निर्माण प्रस्ताव गरिएको बहुउदेश्यीय भवन निर्माणका लागि आवश्यक प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयार गर्ने कार्यका लागि आवश्यक प्रकृया अगाडी बढाउनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३ :** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा विद्यमान कोभिड- १९ को असर र प्रभावलाई मध्यनजर गर्दै २०७८/०१/१५ गतेदेखि यस व्यास नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक एवं संस्थागत शैक्षिक संस्थाहरुबाट सञ्चालन हुँदै आएका भौतिक उपस्थितिका कुनै पनि कक्षाहरु सञ्चालन नगर्न र कक्षागत आन्तरिक परीक्षाहरु भौतिक दुरी कायम गर्दै स्वास्थ्य सुरक्षा सम्बन्धी सम्पूर्ण मापदण्डहरु कडाईका साथ पालना गर्ने गराउने व्यवस्था मिलाई फरक फरक सिफ्टमा परीक्षा सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाउन शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका क्षेत्रभित्र अन्य विभिन्न मुलुकहरुबाट आउने नगर बासीहरुलाई टोल विकास संस्थाहरुको सहयोग र समन्वयमा न्यूनत्तम १० दिन सम्म यथासम्भव होम क्वारेन्टिन मानै राख्ने । यदि होम क्वारेन्टिनमा सम्भव नभए सम्बन्धित वडाहरुमा रहेका सार्वजनिक तथा सामुदायिक भवनहरुमा क्वारेन्टिन स्थापना गरी सोही क्वारेन्टिनमा राख्ने व्यवस्थापन मिलाउने, संक्रमितहरुको स्वास्थ्य अवस्था र त्यसको जटिलता हेरी त्यस्ता प्रकृतिका संक्रमितहरुलाई होम आइसोलेसन वा यस अगाडि सञ्चालनमा रहेका आइसोलेशन केन्द्रहरुमा राख्ने र संक्रमितको स्वास्थ्य अवस्था अत्यन्तै जटिल बन्दै गएमा सम्बन्धित अस्पतालहरुमा पठाउने व्यवस्थाका लागि सहजीकरण गर्न सम्बन्धित वडा कार्यालयलाई लेखी पठाउने साथै क्वारेन्टिनमा बस्ने व्यक्तिहरुको सुविधालाई मध्यनजर गरी ७ जनाभन्दा बढी क्वारेन्टिनमा बस्ने व्यक्तिहरु भएमा सम्बन्धित वडाका स्वास्थ्य केन्द्रमाबाट नै निःशुल्क PCR गर्ने व्यवस्था मिलाउने, सम्भावित परिस्थितिलाई मध्यनजर गरी आवश्यक जनशक्ति, एम्बुलेन्स र शव वाहनलाई तयारी अवस्थामा राख्न समेत सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५ :** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.३ स्थित दमौली अस्पताललाई स्तरोन्नति गरी ५० शैयाको अस्पतालको रुपमा विकास गर्न आवश्यक जग्गा हाल अस्पताल रहेको स्थानमा नपुग भएको हुँदा दमौली नजिक यस नगरपालिका वडा नं.१० अन्तर्गत रहेको दुम्सी

आधारभूत स्वास्थ्य केन्द्र आसपासको करीब २२ (बाइस) रोपनी जग्गा अस्पताल प्रयोजनको लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६ :** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | छाव्दी दोभान दाह संस्कार घाटमा चिता निर्माण योजना | १ | ४,००,०००।०० | वडागत बजेट क.सं. १७०, १९६, १९९ |
| २. | भञ्ज्याङ्ग राष्ट्रिय दैनिकमा विभिन्न सामाग्री प्रकाशन | २ | ४०,०००।०० | ३६ |
| ३. | व्यास झुला DPR तयारी | ३ र ५ | ३,००,०००।०० | १४५ |
| ४. | शहिद विष्णु जमरकट्टेल स्मृति दिवस कार्यक्रम खर्च | ६ | ३५,०००।०० | चालु विविध |
| ५. | बुद्धि कुमार श्रेष्ठ, उपचार खर्च | ६ | ४०,०००।०० | ९० |
| ६. | मनुमाया मजकोटी, घरको छाना उडाएको | ११ | १५,०००।०० | विपद |
| ७. | चिजमाया कामी, घरको छाना उडाएको | ११ | १५,०००।०० | विपद |
| ८. | कमल बहादुर विश्वकर्मा, घरको छाना उडाएको | १२ | १५,०००।०० | विपद |
| ९. | नयाँगाउँ खानेपानी जि.आई. पाइप एङकर निर्माण | १४ | २,००,०००।०० | १२२ |
| १०. | सन्दिपा पन्थ, नगरपालिका क्षेत्रभित्रका विभिन्न पानीका मुल तथा अन्य स्रोतहरुको गुणस्तर सम्बन्धी अनुसन्धान कार्य | | ४०,०००।०० | छात्रवृत्ति कोष |
| ११. | विभिन्न पुलहरुको उद्घाटन खर्च | | १,००,०००।०० | चालु विविध |

**निर्णय नं.७ :** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा वडा नं.१० स्थित शिव मा.वि. मार्ग कालोपत्रे तथा रिटेनिङवाल निर्माण योजनाको लागि बोलपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएकोमा तोकिएको समयमा रितपूर्वक दर्ता हुन आएको तपशिलमा उल्लेखित फर्मको बोलपत्र स्वीकृतिको लागि नगरपालिकाको बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई आएकोले उक्त ठेक्का स्वीकृत गरी निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल

| सि.नं | योजनाको नाम | ठेक्का नं. | फर्मको नाम | कबोल रकम (मू.अ.कर र कन्टिजेन्सी बाहेक) |
|---|---|---|---|---|
| १. | शिव मा.वि. मार्ग कालोपत्रे तथा रिटेनिङवाल निर्माण | (ठेक्का नं. ४५ / vyasmun/ २०७७।०७८) | श्री पासा कन्स्ट्रक्सन शुक्ला गण्डकी ३ तनहुँ | रु.१९,७९,२९२। |

**निर्णय नं.८ :** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा तपसिलमा उल्लेखित योजनाहरुमा नपुग हुन आएको रकम देहाय बमोजिम हुने गरी विनियोजन गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका वडा नं.१० स्थित शिव मा.वि. मार्ग कालोपत्रे तथा रिटेनिङवाल निर्माण कार्यको लागि क्रमागत योजना अर्न्तगत रु.१०,००,०००। बजेट विनियोजन भएकोमा उक्त बजेटले योजना अधुरो रहने अवस्था देखिएकोमा सम्पूर्ण योजना सम्पन्न गर्ने गरी प्राविधिकबाट तयार भएको लागत अनुमान रु.२५,४७,५६४।०६ बराबरको ठेक्का आब्हान गरिएकोमा ठेक्का कबोल अंक (मू.अ.कर र कन्टिजेन्सी समेत) रु.२३,३४,२०७। कायम हुन आएकोले विनियोजित बजेटमा नपुग हुन आएको रकम रु.१३,३४,२०७। पूँजीगत बजेट खर्च शीर्षक ८९५ बाट विनियोजन गर्ने निर्णय गरियो ।

(ख) व्यास नगरपालिका वडा नं.१२ स्थित बाँधेस्वाँरा कुलो निर्माण योजनाको लागि प्राविधिकबाट तयार भएको अन्तिम संशोधित लागत अनुमान रु.११,३४,४५४।८९ बमोजिम १० प्रतिशत उपभोक्ता समितिले व्यहोर्ने गरी बाँकी रकम रु.१०,२१,०००। मध्ये रु.७,००,०००। को सम्झौता भएकोमा नपुग हुन आउने रकम रु.३,२१,०००। बजेट खर्च शीर्षक नं. ४२७ बाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समितिको मौज्दात कोष र व्यास नगरपालिकाको लागत साझेदारीमा व्यास नगरपालिका वडा नं.१ र ९ को वडा कार्यालय भवन निर्माण कार्यको निर्माण कार्य समपन्न भएको हुँदा जिल्ला समन्वय समितिको दायित्व अन्तर्गतको रकम रु.३०,००,०००। (तीस लाख) मात्र आवश्यक कागजात सहित निकासा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१० :** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्र भित्रको खानेपानी, सरसफाई र ढल व्यवस्थापन सम्बन्धी वर्तमान अवस्थाको स्थलगत अध्ययन गरी प्रतिवेदन र वृत्त चित्र निर्माण गर्ने कार्यको लागि यस नगरपालिका र श्री इम्फ्यासिस मिडिया सोलुसन प्रा.लि. कालिमाटी काठमाण्डौ बीच सम्झौता भएकोमा उक्त कार्यको प्रतिवेदन र वृत्तचित्र निर्माण गरी परामर्शदाता कम्पनीबाट कार्यपालिका वैठकमा प्रतिवेदनको प्रस्तुतीकरण समेत सम्पन्न भएको हुँदा बजेट खर्च शीर्षक ३१ (सेवा तथा परामर्श) बाट रु.४,९८,०००। (चार लाख अन्ठानन्बे हजार रुपैंया) उपलब्ध गराउने निर्णय गरियो ।